लोक सेवा आयोग

निक्षेप तथा कर्जा सुरक्षण कोष, प्रशासन, सातौं, अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८१।०६।१८

पत्र : प्रथम

समय : २ घण्टा १५ मिनेट

पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान, अभिरूचि परीक्षण र अंग्रेजी तथा संस्थागत ज्ञान

**विषयगत** **समय : १ घण्टा ३० मिनेट**

**अङ्क : ५०**

१. संघीय संरचनामा निक्षेप तथा कर्जा सुरक्षण कोषको पुनर्संरचना कसरी गर्नुपर्ला? आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । ५

२. निक्षेप तथा कर्जा सुरक्षण कोषको अर्थ मन्त्रालय र लोक सेवा आयोगसँग के-कस्ता प्रकारको कार्यात्मक सम्बन्ध हुन्छ? चर्चा गर्नुहोस् । ५

३. निक्षेप तथा कर्जा सुरक्षण कोषबाट सञ्चालित प्रमुख कार्यक्रमहरूको जानकारी दिँदै संस्थाको उद्देश्य प्राप्तिमा ती कार्यक्रम कत्तिको प्रभावकारी छन्? चर्चा गर्नुहोस् । २+३=५

४. आर्थिक उदारीकरणको नीतिले नेपालको अर्थ व्यवस्थामा के-कस्ता प्रभाव पारेको छ? विश्लेषण गर्नुहोस् । ५

५. चालु आर्थिक वर्षको मौद्रिक नीतिमा गरिएको व्यवस्थाले नेपालको बीमा बजारलाई के-कस्तो प्रभाव पार्न सक्छ? कारणसहित लेख्नुहोस् । ५

६. नेपालको अर्थतन्त्रको एउटा खम्बाको रूपमा लिइएको सहकारी क्षेत्र पछिल्ला दिनहरूमा समस्याग्रस्त बन्दै गइरहेको सन्दर्भमा आर्थिक विकासमा सहकारी संस्थाहरूको योगदानलाई सकारात्मक तवरले विश्वसनीय र प्रभावकारी तुल्याउन के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्ने ठान्नुहुन्छ? चर्चा गर्नुहोस् । २+३=५

७. निक्षेप तथा कर्जा सुरक्षण कोषका विद्यमान सबल र दुर्बल पक्षहरू चर्चा गर्दै सबल राष्ट्रिय अर्थतन्त्र निर्माणमा कोषको भूमिका र योगदानको विवेचना गर्नुहोस् । ४+६=१०

८. वित्तीय कार्यकुशलताका आधारमा नेपालका सार्वजनिक संस्थानको हालको अवस्था विश्लेषण गर्नुहोस् । साथै, नेपालमा निजीकरण गरिएका सार्वजनिक संस्थानले भोग्नुपरेका समस्या तथा चुनौतीहरू प्रस्तुत गर्नुहोस् । ६+४=१०

**:: समाप्त ::**